# समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी

# सिंचाई सामग्री खरिदका लागि सिलबन्दी दरभाउ पत्र आह्वान

Terms of Reference (TOR)

**परिचय :**

कोईका नेपालको आर्थिक सहयोग तथा गुड नेवर्स इन्टरनेशनलको प्रविधिक सहयोगमा सहमतिद्वारा नवलपरासी बर्दघाट सुस्ता पूर्व - पश्चिम का १३ वडाहरु (मध्यविन्दु न.पा ६, ७, ८ र ९,सुस्ता गा.पा २ र ३, प्रतापपुर गा.पा ६ र ८, सरावल गा.पा ७, पाल्हिनन्दन गा.पा ६ र सुनवल न. पा २, ५ र ९) मा कृषकहरुको आय श्रोत बृद्धि गरी जीवन स्तर सुधार ल्याउनका निम्ति जुलाई २०१९ देखि **समाबेशी ग्रामीण विकास परियोजना नवलपरासी** अर्न्तगत २६ वटा स्थानीयद्वारा पहल गरिएको परियोजनाहरु संचालन भईरहेको छ । स्थानीयद्वारा पहल गरिएको परियोजनाहरु मूख्यतय चारवटा क्षेत्रहरु (व्यवसायिक कृषि उत्पादन, व्यवसायिक पशुजन्य उत्पादन, आर्थिक तथा भौतिक पूर्वधार विकास र युवा तथा महिला सीप विकास) मा केन्द्रित रहेका छन् ।

सिंचाई परियोजना अन्तरगत Shallow Tubewell को स्थापना नवलपरासी जिल्लाको सरावल गाउँपालिका वडा नं. ७ र प्रतापपुर गाउँपालिका वडा नं. ६ र ८ को लागि तल उल्लेख गरे अनुसार आवश्यक पर्ने सामग्रीहरु खरिद गर्नुपर्ने भएकोले इच्छुक फर्म, सप्लायर्स, कम्पनी तथा सेवा प्रदायकहरुको निम्न शर्तहरुको अधीनमा रहि तोकिएको म्याद भित्र पेश गर्ने गरि सिलबन्दी बोलपत्र आह्वान गरिन्छ ।

**शर्तहरु :**

१. नेपाल सरकारबाट इजाजत प्राप्त तथा सम्बन्धित क्षेत्रमा अनुभव भएका निजी/सावर्जनिक संस्था यो बोलपत्रको लागि योग्य हुनेछ ।

२. अनुसूचीहरूमा उल्लेख गरिएको सामग्रीहरूको विस्तृत विवरण र गुणस्तरको आधारमा सामग्रीको प्रति इकाई दररेट पेश गर्नुपर्ने हुन्छ । दरभाउ पत्र पेश गर्दा वस्तुको हकमा उत्पादन कम्पनी, ग्यारेन्टी, वारेन्टी आदि पनि स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।

३. आपूर्तिकर्ताले उल्लेखित परियोजना कार्यक्षेत्रसम्म सामग्री ढुवानी गर्नुपर्ने हुन्छ र ढुवानीको दरभाउ स्पष्ट उल्लेख गर्नु पर्ने छ ।

४. कम्पनी/फर्म/अधिकृत बिक्रेताले बोलपत्र आह्वानको सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र पेश गर्नु पर्ने छ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको बोलपत्र उपर कुनै कार्वाही हुने छैन ।

५. अनुसूचीमा भएका सामग्रीहरूको संख्या, अवस्था हेरेर परियोजनाको आवश्यकता अुनसार थपघट हुने सक्नेछ ।

६. बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै बोलपत्रदर्ता गर्न सकिनेछ ।

७. बोलपत्र पेश गर्दा अनुसूचीमा उल्लेख गरिएको फारममा सामग्रीको रकम विस्तृत रूपमा उल्लेख गरी दररेट बुझाउनु पर्नेछ ।

८. बोलपत्र कागजातको मूल्यअंकित सूचीमा उल्लेख गरेको दररेट अंक र अक्षरमा स्पष्ट लेखिएको हुनपर्नेछ । केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको बोलपत्र स्वतः रद्द हुनेछ ।

९. आवश्यक परेको खण्डमा, कम्पनी/फर्म/अधिकृत बिक्रेतालाई प्रस्ताव मञ्जुर गर्नुभन्दा अगाडि संशोधन गरी प्रस्तुत गर्न भन्न सकिनेछ ।

१०. छनौट भएको कम्पनी/फर्म/अधिकृत बिक्रेतासँग वार्षिक सम्झौता गरिनेछ ।

११. बोलपत्रको सम्पूर्ण कागजातमा प्रोप्राईटर वा अख्तियार प्राप्त व्यक्तिले सही गरी कम्पनीको छाप लगाएको हुनुपर्नेछ ।

१२. पेश गर्नुपर्ने आवश्यक कागजातहरू :

क. विस्तृत र स्पष्ट रूपमा दररेट उल्लेखित अनुसूचीमा उपलब्ध फारम

ख. फर्म दर्ताको प्रमाणपत्र तथा नवीकरणको प्रतिलिपि

ग. मूल्यअभिवृद्धि कर दर्ता तथा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

घ. बोलपत्र बुझाएको निबेदन

१३. बोलपत्र छनौट गर्ने वा नगर्ने सम्पूर्ण अधिकार सम्बन्धित संस्थाहरुमा निहित हुनेछ ।

उल्लेखित दरभाउ पत्र सिलबन्दी खाममा **"सिचाई सामग्री खरिद"** लेखी यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र अर्थात् २०७६ फाल्गुन २६ गते तदनुसार ९ मार्च २०२० बेलुका ५:०० बजे भित्र समावेशी ग्रामीण विकास परियोजना कार्यालय, शिवालय टोल वर्दघाट ४ नवलपरासी वा सहमति केन्द्रिय कार्यालय, गैंडाकोट ५, नवलपरासी वा गुड नेवर्स इन्टरनेश्नल नेपालको केन्द्रिय कार्यालय एकान्तकुना ललितपुरमा सिधै वा हुलाक/कुरियर मार्फत बुझाउन सकिनेछ ।

## सामग्रीहरुको सूची

| क्र.सं. | नाम/विवरण | ईकाइ | आवश्यक परिमाण | प्रति इकाई मूल्य अंकमा | प्रति इकाई मूल्य अक्षरमा | भ्याट (VAT) | जम्मा प्रति इकाई मूल्य | जम्मा मूल्य (VAT) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | PVC Pipe 4'' | Meter | 1700 | | | | | |
| 2 | MS pipe 4'' in Medium quality with thread as per meter 12.10 Kg of MS Pipe | Meter | 3655 | | | | | |
| 3 | PVC Filter 4'' | Meter | 510 | | | | | |
| 4 | Regin Jali of Plastic (Nylon Net) | Meter | 1020 | | | | | |
| 5 | Nipple 4''(Cast Iron) | Nos | 255 | | | | | |
| 6 | Check Valve 4'' (Cast Iron) | Nos | 255 | | | | | |
| 7 | PVC Suction pipe 4'' | Meter | 170 | | | | | |
| 8 | Socket 4" Diameter (Heavy) | Nos | 1020 | | | | | |
| 9 | Hand Pump (Medium) | Nos | 170 | | | | | |
| 10 | Well Cap 4" | Nos | 170 | | | | | |
| 11 | GI Bottle Tee (4" * 4") | Nos | 170 | | | | | |
| 12 | Nylon Rope | Kgs | 85 | | | | | |
| 13 | Diesel Pump 5 HP (Good Quality) | Nos | 255 | | | | | |
| 14 | 5" LDPE Pipes (Delivery Pipe) | Kgs | 5100 | | | | | |

**नोटः**

१. माथि उल्लेखित सामग्रीको विवरण अनुसार उल्लेख गरेको इकाई फरक हुने अवस्थामा बोलपत्रदाता आफैले इकाई सच्चाएर लेख्न सक्नेछ र केरमेट भएको ठाउँमा अक्तियारी प्राप्त व्यक्तिको हस्ताक्षर हुनु पर्नेछ ।

२. माथि उल्लेखित सामग्रीको विवरणभन्दा फरक गुणस्तर र नामको सामग्री भएमा बोलपत्रदाताले फारममा रहेको खाली ठाउँमा लेख्न सक्नेछ ।